नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं. १६९

मितिः २०८३/०७/१८

श्री गाउँपालिका सबै ।

श्री नगरपालिका सबै ।

विषयः प्रस्ताव माग गर्ने समयावधी थप गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा युवा, श्रम तथा रोजगार मन्त्रालय, व्यवसायजन्य सुरक्षा तथा बालश्रम निवारण शाखाको प.सं.: व्य.सु.बा.श्र. २०८३/०८४ च.नं. २३, मिति २०८३/०७/१७ को पत्र मार्फत आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रमको लागि प्रस्ताव माग गर्ने समयावधी थप गरिएको सम्बन्धी पत्र तथा बाल श्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चानन गर्न सशर्त अनुदानको लागि प्रस्ताव माग गर्ने समयावधी थप गरिएको सम्बन्धी पत्रको छायाँप्रति यसै पत्रसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

पुनश्चः पत्रमा माग गरिएको प्रस्ताव व्यवसायजन्य सुरक्षा तथा बालश्रम निवारण शाखाको ईमेलः childlabournepal@gmail.com वा info@moless.gov.np मा पठाईदिनु हुन ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री युवा, श्रम तथा रोजगार मन्त्रालय,

व्यवसायजन्य सुरक्षा तथा बालश्रम निवारण शाखा, सिंहदरबार।

श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन।

नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

(व्यवसायजन्य सुरक्षा तथा बालश्रम निवारण शाखा)

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र संख्या:- व्य.सु.बा.श्र./०८३/०८४
चलानी नं.:- 23

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८३/०७/१७
ने.सं.११४६ कौलागा नवमी, मंगलवार

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं।

विषयः बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि प्रस्ताव माग गर्ने समयावधि थप गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.व. २०८३।८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार वालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि वालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ वमोजिम स्थानीय तहहरुलाई सशर्त अनुदान पठाउनका लागि तहाँ मन्त्रालय मार्फत प्रस्ताव माग गरिएकोमा तोकिएको समयावधि भित्र पर्याप्त प्रस्ताव प्राप्त नभएकोले मिति २०८३।८।२० गते सम्म प्रस्ताव पेश गर्ने समयावधि थप भएकोले यस अघि सशर्त अनुदान प्राप्त नगरेका स्थानीय तहहरुवाट सोही कार्यविधिको अनुसूची १ वमोजिमको घरधुरी सर्वेक्षण सम्पन्न गरी सो को प्रतिवेदन सहित अनुसूची २ को ढाँचामा तहाँ मन्त्रालय मार्फत प्रस्ताव माग गर्ने सम्वन्धमा मिति २०८३।७।१६ (सचिवस्तर) निर्णय भएकोले प्रस्ताव माग गर्ने विषययक पत्र यसैसाथ संलग्न राखी सवै स्थानीय तहमा परिपत्र गरिदिने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ ।

२०८३।७।१६।१८

(महेशकृष्ण महर्जन)
शाखा अधिकृत

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोन:- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेव साइट:- www.moless.gov.np

नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

(व्यवसायजन्य सुरक्षा तथा बालश्रम निवारण शाखा)

युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र संख्याः- व्य.सु.बा.श्र./०८३/०८४
चलानी नं.:- 28

सिंहदरबार, काठमाडौं
नेपाल ।
मितिः २०८३/०७/१७
ने.सं.११४६ कौलागा नवमी, मंगलवार

श्री स्थानीय तह सबै (७५३)

मार्फतः- श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाडौं ।

बिषयः **बाल श्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न सशर्त अनुदानको लागि प्रस्ताव माग गर्ने समयावधि थप गरिएको सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयको चालु आ.व.०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम मन्त्रालयको मिति २०८३।५।३१ को निर्णयानुसार बालश्रममुक्त स्थानीय तह घोषणा सम्वन्धी कार्यक्रम संचालनका लागि बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को दफा ६ र ७ मा व्यवस्था भए वमोजिम सशर्त अनुदान पठाउने प्रयोजनका लागि ईच्छुक पालिकाहरुलाई ३५ दिनको समयावधि तोकी यस मन्त्रालयमा प्रस्ताव पेश गर्न मिति २०८३।५।३१ गते सबै स्थानीय तहहरुलाई अनुरोध गरिएकोमा तोकिएको समयावधी भित्र पर्याप्त आवेदन प्राप्त हुन नआएकोले यस अघि अनुदान प्राप्त नगरेका इच्छुक र योग्य स्थानीय तहहरुले मिति २०८३ साल मंसिर २० गतेभित्र बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को अनुसूची १ वमोजिमको घरधुरी सर्भेक्षण सम्पन्न गरेको प्रतिवेदनसहित सोही कार्यविधिको अनुसूची २ वमोजिमको ढाँचामा प्रस्ताव पेश गर्न यस मन्त्रालयको मिति २०८३/०७/१६ को (सचिवस्तरीय) निर्णयानुसार पुनः सूचना गरिएको व्यहोरा अनुरोध छ । साथै, उक्त प्रस्ताव यस मन्त्रालयको व्यवसायजन्य सुरक्षा तथा बालश्रम निवारण शाखा वा शाखाको ईमेल ठेगाना childlabournepal@gmail.com वा info@moless.gov.np मा समेत उपलव्ध गराई दिनु हुन अनुरोध छ ।

2083/6/96

(महेशकृष्ण महर्जन)
शाखा अधिकृत

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np